## नरहरिनाथ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : २ मिति : २०८१/१०/३०


### भाग–१

## नरहरिनाथ गाउँपालिका

कुमालगाउँ, कालिकोट

कर्णाली प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँ सभाबाट मिति २०८१।१०।३० गते स्विकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१

**प्रस्तावना:** समाजमा वढ्दै गईरहेको लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने वाञ्छनिय देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, ले दिएको अधिकार प्रयोग गरी नरहरिनाथ गाउँपालिकाले यो कोष सञ्चालन कार्यविधि बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो नियमहरुको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कार्यालय" भन्नाले नरहरिनाथ गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "राहत समिति" भन्नाले नियम ११ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(च) "सञ्चालक समिति" भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

## ३. कोषको स्थापना :

(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नरहरिनाथ गाउँपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

## ४. कोषमा रकम जम्मा गर्ने :

महिला हक हीतको संरक्षणका लागि गाउँपालिकाले विनियोजन गरेको रकम कोषमा जम्मा गर्नु पर्नेछ । साथै अन्य निकाय/व्यक्तिबाट प्राप्त रकम समेत कोषमा जम्मा गर्नुपर्नेछ ।

## ५. कोषको उपयोग :

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ख) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(ङ) पुनर्स्थापना गराउन,

(च) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

## ६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न पाइदैन ।

## ७. संञ्चालक समितिको गठन :

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

क) गाउँपालिकाको उपाध्यक्ष-अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(ग) स्थानिय प्रहरी चौकीको प्रमुख-सदस्य

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना-सदस्य

(ङ) महिला बालबालिका शाखा हेर्ने कर्मचारी-सदस्य-सचिव

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

## ८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नरहरिनाथ गाउँपालिकाबाट स्विकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) गाउँपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(च) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने

(छ) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

## ९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने आधारहरु

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग पुर्‍याउने आाधारहरु देहायबमोजिम छन् ।

क) पीडितलाई तत्काल उद्धार गर्नै पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च र बास बस्नु पर्ने भएमा सो वापत छुट्टै रकम दिने ।

ख) पीडितलाइ अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन सार्वजनिक सवारी साधन प्रयोग गर्नु परेमा भाडा रकम, खाना खर्च र बाहिर बास बस्नु पर्ने भएमा बढिमा तीन दिनको बास खर्च र उपचार खर्च उपलब्ध गराउन सकिनेछ ।

ग) कानुनी सहायता,मनोवैज्ञानिक उपचार मनोविमर्शका लागि पाँच हजार रुपैयाँ नबढ्ने गरी लागेको यथार्थ खर्च उपलब्ध गराइनेछ ।

घ) पुनर्स्थापनाको लागि बढिमा पाँच हजार रुपैयाँ

ङ) सञ्चालक समितिले तोके बमोजिम अन्य कामको लागि प्रकृति हेरी बढिमा दश हजार रुपैयाँ उपलब्ध गराउन सक्नेछ ।

च) यसमा उल्लेख भए बाहेकको हकमा समितिले तोके बमोजिम हुनेछ ।

**१०.सञ्चालक समितिको बैठक र निर्णय :**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. कार्यालयलाई रकम उपलब्ध गराउने :

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिने छ ।

## १२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :

१) यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न पिडित वा सरोकारवाला व्याक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मानसिव देखिएको कारण देखाई वडा कार्यालयको सिफारिस सहित न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनुपर्छ ।

२) उपनियम १ वमोजिम प्राग्त भएको निवेदन जाँचबुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गनुपर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधिनमा रही पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

## १३.तत्काल रकम उपलव्ध गराउन सक्ने :

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट दश हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

## १४. थप रकम निकासा माग गर्न सक्ने :

(१) सञ्चालक समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई सञ्चालक समितिसँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

## १५.छुट्टै खाता खोल्नु पर्ने :

(१) कार्यालयले सञ्चालक समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

## १६. कोषको लेखा र लेखा परीक्षण :

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१७.आवर्ति (रिभल्भीङ) कोष :**

यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१८. प्रतिवेदन पेश गर्ने:**

(१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक कार्यालयमा पेश गर्नु पर्ने छ ।

(३) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१९. बैठक भत्ता:**

सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**२०. निर्देशन दिन सक्ने :**

(१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

मुद्रित मूल्य रू. १०।-

**आज्ञाले**
**युवराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**